बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-

चलानी नं. :-

मिति २०८३।०५।१३

# प्रेस वक्तव्य

**बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत तथा वैकल्पिक यातायात व्यवस्थापनमा बागमती प्रदेश सरकार सक्रिय**

यही भाद्र १० गते भोटेकोशी र त्रिशुली नदीमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका क्षेत्रमा गम्भीर विपद्को अवस्था उत्पन्न भएको छ।

यस विपद्बाट प्रभावित नागरिकको जीवनरक्षा, खोज तथा उद्धार, राहत, उपचार, अस्थायी आवास र सुरक्षित आवागमनलाई उच्च प्राथमिकतामा राख्दै बागमती प्रदेश सरकार तत्कालै परिचालित भएको छ।

यसक्रममा हालसम्म निम्न कार्यहरू सम्पादन भएका छन्:

१. भाद्र १० गते बिहान ११ बजे बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आकस्मिक बैठक बसेपछि प्रदेश सरकारका तर्फबाट देहायबमोजिमको निर्णय गरी प्रभावित क्षेत्रमा उद्धार, राहत तथा स्वास्थ्य सेवाका लागि टोली परिचालन गरिएको छ।

  क. बाढीका कारण घाईते भएका नागरिकको तत्काल उद्दारका लागि मुख्य मन्त्री, सम्बन्धित मन्त्रीहरू, प्रमुख सचिव सहितका कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मीहरू स्थलगत रुपमा खटिने।

  ख. बाढीका कारण घरबारविहीन भएका नागरिकका लागि अस्थायी बसोबास तथा भोजनको व्यवस्था गर्ने

  ग. बाढीमा परी मृत्यु भएका व्यक्तिको अन्तिम संस्कारका लागि सम्बन्धित परिवारलाई प्रति मृतक रु. २५ हजारका दरले राहत उपलब्ध गराइनेछ।

  घ. गोसाइँकुण्ड, कैलाश तथा अन्य धार्मिक यात्राका क्रममा रही अलपत्र परेका तीर्थयात्रीहरूको सुरक्षित आवागमनका लागि निःशुल्क बस सेवा उपलब्ध गराउने।

  ङ. तत्काल उद्धार तथा राहत कार्य सञ्चालनका लागि रसुवा र नुवाकोट जिल्लाको सम्बन्धित स्थानीय विपद् व्यवस्थापन कोषमा रु.२ करोड साथै धादिङ्ग र चितवन जिल्लालाई ५०/५० लाख जम्मा रु ३ करोड उपलब्ध गराउने।

  च. बाढीका कारण त्रिशूली-धुन्चे सडकखण्ड, गल्छी धादिङ् हुँदै त्रिशुली र धादिङ् गल्छी हुँदै काठमाडौं अवरुद्ध भएको अवस्थामा वैकल्पिक सडकमार्ग खुलाई यथाशीघ्र सञ्चालनमा ल्याउन आवश्यक कार्य अगाडि बढाउने।

२. भाद्र १० गते बेलुका नुवाकोटको विदुरमा स्थलगत निरीक्षण, सङ्घ तथा स्थानीय तहका अधिकारीहरूसँग छलफल, समन्वय र सहकार्य; उद्दार गरिएका नागरिकहरूलाई विदुरको विभिन्न ४ स्थानमा अस्थायी

आश्रयस्थल तथा खानाको प्रवन्ध मिलाईएको; ४ वटा हेल्थक्याम्प स्थापना गरी स्वास्थ्यकर्मीहरूको टोली घाईतेको उपचारमा निरन्तर खटिएको;

३. भाद्र ११ गते बिहान ७:१५ बजे तीन तहका अधिकारीहरूबीचमा समन्वय बैठक सम्पन्न; प्रदेश सरकारको स्पष्ट कार्ययोजना तयार गरि उद्धार तथा राहतमा खटिएको;

४. भाद्र ११ गते बिहान ९:०० बजे जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोट परिसरमा बागमती प्रदेश सरकारको **सम्पर्क तथा समन्वय केन्द्र** स्थापना गरी सोही केन्द्र मार्फत राहत तथा उद्धारलाई अगाडि बढाईएको,

५. भाद्र ११ गते १:०० बजे प्रारम्भिक समीक्षा बैठक गरि उद्धार तथा राहतलाई अझ प्रभावकारी बनाउने निर्णय गरिएको; यसक्रममा प्रदेश सरकारका सम्बन्धित मन्त्री तथा प्रदेश सभाका सदस्यहरू संलग्न ५ वटा विषयक्षेत्रगत कार्यदल गठन गरिएको (यातायात व्यवस्था कार्यदल, पूर्वाधार/वैकल्पिक मार्ग निर्माण कार्यदल, स्वास्थ कार्यदल, राहत सामाग्री वितरण कार्यदल, र हवाई उद्धार समन्वय कार्यदल)

६. भाद्र ११ गते १:३० बजे प्रदेश सरकारको हेटौंडा गोदाममा रहेको राहत सामाग्री (त्रिपाल २८० थान, टेन्ट ५० थान र गैरखाद्य सेट १७० सेट) बिदुरस्थित सैनिक तालिम केन्द्रको राहत सङ्कलन केन्द्रमा उपलब्ध गराईएको।

७. भाद्र ११ गते २:०० बजे मुख्यमन्त्रीको नेतृत्वमा एउटा टोली रसुवाको धुन्चे प्रस्थान,

८. प्रभावित क्षेत्रमा अलपत्र परेका नागरिक तथा यात्रुहरूलाई सुरक्षित स्थानमा पुऱ्याउन विशेष व्यवस्था गरिएको छ। यसक्रममा भाद्र ११ गते बेलुकासम्म विदुरबाट काठमाडौंसम्म करिब १०० नागरिकलाई पुऱ्याउने व्यवस्था मिलाईएको,

९. भाद्र १२ गते बिहानै देखि पुनः उद्धार तथा राहतको कार्यलाई निरन्तरता दिईएको,

१०. भाद्र १२ गते बिहान ८:०० बजे जिल्ला समन्वय समिति, रसुवाको सभाहलमा मुख्यमन्त्री, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, प्रमुख जिल्ला अधिकारी, सुरक्षाकर्मी, जिल्लास्थिति राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू लगायतको उपस्थितिमा सर्वपक्षीय बैठक आयोजना गरिएको,

११. भाद्र १२ गते अपरान्ह २:३० बजे जिल्ला समन्वय समिति, नुवाकोटको सभाहलमा सङ्घीय संसदका सदस्य, प्रदेश मन्त्री तथा प्रदेश सभाका सदस्य, प्रमुख जिल्ला अधिकारी, सुरक्षाकर्मी, जिल्लास्थिति राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू लगायतको उपस्थितिमा सर्वपक्षीय बैठक आयोजना गरिएको,

१२. अस्पताल सञ्चालन, यातायत तथा टेलिकम टावर सञ्चालनका लागि रसुवाको धुन्चेमा डिजल ४०० लिटर र पेट्रोल २०० लिटर उपलब्ध गराईएको,

१३. बागमती प्रदेश सरकारको तर्फबाट गरिने उद्धार, राहत तथा पुनर्स्थापनालाई थप प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थतापन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष समन्वय र निर्देशनमा काम गर्नेगरी प्रदेश सेवाका थप १० अधिकृत कर्मचारीहरू खटाईएको,

१४. प्रभावित स्थानीय तहको वास्तविक क्षति र राहत आवश्यकताको विवरण उपलब्ध गराउन सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतहरूलाई अनुरोध गरिएको, तत्सम्बन्धी विवरण प्राप्त भएलगतै प्रदेश सरकारले आवश्यक राहत उपलब्ध गराउने गरी तयारी अवस्थामा रहेको,
१५. सडकमार्गमा रहेका ४० भन्दा बढी पुलहरू भत्किँदा अवरुद्ध आवागमनको वैकल्पिक व्यवस्थाको रुपमा सम्भावित स्थानहरूमा बेलिब्रिज, झोलुङ्गेपुल तथा तुईन निर्माणका लागि स्थान पहिचान र सम्भाव्यता अध्ययन, प्राथमिकता निर्धारण र द्रुत्त निर्माण कार्यलाई अगाडि बढाईएको।
१६. प्रभावित तथा अलपत्र परेका यात्रुहरूको सुरक्षित आवागमनका लागि धुन्चेदेखि महविरसम्म, चौगटेदेखि काठमाडौंसम्म र विदुर देखि काठमाडौंसम्म निःशुल्क बसको व्यवस्था मिलाइएको।
१७. नुवाकोटको छहरे, चौगडा, बाहुनबेशी, नर्जामण्डप, लच्याङ्, सरमथली पार्टीखर्क, हिल्चेकको पुल, भोर्ले, जीरो किलो, पासाङ्ल्हामु राजमार्ग हुँदै धुन्चेसम्मको वैकल्पिक मार्ग सञ्चालनमा ल्याउने कार्यलाई तीव्रता दिइएको।
१८. धुन्चे तथा चौगटी क्षेत्रमा रहेका यात्रु र प्रभावित नागरिकका लागि आवश्यक खानपानको व्यवस्था समेत गरिएको,
१९. त्रिशूलीपारिको क्षेत्रमा अवरुद्ध रहेका सडक तथा अन्य सम्भावित सडकखण्डको सफाइ गरी यातायात सञ्चालन गर्ने कार्यलाई तीव्रता दिइएको,
२०. प्रभावित क्षेत्रमा कार्यरत प्रदेश मातहतका सबै कर्मचारीहरूलाई अर्को आदेश नभएसम्म कार्यस्थल नछोड्न र सार्वजनिक विदाको समयमा समेत निरन्तर उद्धार, राहत तथा पुनर्स्थापनामा खटिन निर्देशन दिईएको। साथै हेटौंडास्थित विभिन्न मन्त्रालय/कार्यालयमा कार्यरत थप जनशक्तिलाई समेत प्रभावित क्षेत्रमा स्थलगत रूपमा कार्य गर्न खटाईएको।

प्रदेश सरकारको टोली प्रभावित जिल्लामा पुगेर जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकायहरूसँग प्रत्यक्ष समन्वय गरिरहेको छ। उद्धार तथा राहत कार्यलाई थप प्रभावकारी बनाउन सबै निकायबीच आवश्यक सहकार्य र समन्वय भइरहेको छ। यसक्रममा विपद् विज्ञ डा. दिपक विक्रम थापाबाट समेत विज्ञ सल्लाहकारको रुपमा सेवा प्राप्त भैरहेको छ।

यस कठिन परिस्थितिमा प्रभावित सबै नागरिकलाई धैर्य र संयम अपनाउन बागमती प्रदेश सरकार अनुरोध गर्दछ। बागमती प्रदेश सरकारका मुख्यमन्त्री लगायत मन्त्रिपरिषद्का सबै सदस्यहरू, प्रमुख सचिव लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू तथा सुरक्षाकर्मीहरू प्रभावित क्षेत्रका नागरिकहरूको साथमा छन् । बागमती प्रदेश सरकार आवश्यक उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्दछ।

बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल


पत्र सङ्ख्या :-

चलानी नं. :-

यस विपद्को घडीमा ज्यान गुमाउने नागरिकहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ। घाईतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। विपद्बाट विस्थापितको यथाशीघ्र यथोचित प्रवन्ध गर्ने प्रतिवद्धता सहित यस्तो विषम परिस्थितिबाट पार पाउन सामर्थ्य प्राप्त होस् भन्ने प्रार्थना गर्दै सबै पक्षलाई आ-आफ्नो स्थानबाट सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक आग्रह गर्दछ।

यस विषम परिस्थितमा उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणको कार्यमा सहयोग गरिरहेका सबैप्रति आभार प्रकट गर्दै सहयोग गर्न चाहनुहुने नेपाल सरकार, सबै प्रदेश सरकार, सबै स्थानीय तह, देश/विदेशमा रहनुभएका सम्पूर्ण सहयोगी व्यक्ति तथा सङ्घसस्थाहरूलाई मुख्यमन्त्री विपद् व्यवस्थापन तथा राहत कोषको लागि बागमती प्रदेश सरकारको देहायबमोजिमको बैङ्क खातामा आवश्यक सहयोग गर्न सकिने व्यहोरा समेत सादर अनुरोध छ।

**1300100202060000 KHA-2-6: BIBIDH A/C (PRA.LE.NI.KA.)**




धन्यवाद।

मिति २०८३ भदौ १३ गते बिहान १०:०० बजेसम्मको तीन तहको सरकारको साझा पहलमा भएको उद्धार, राहत सम्बन्धी अद्यावधिक विवरण (NDRRMA बाट जारी) यसैसाथ संलग्न रहेको छ।

माननीय भरत बहादुर के.सी
प्रवक्ता / भौतिक पुर्वाधार विकास मन्त्री,
बागमती प्रदेश सरकार